आज मिति २०८३/०२/२५ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगर कार्यपालिकाको बैठकको उपस्थिती र निर्णय निम्नानुसार छ।

**उपस्थिति**

| क.स. | दस्तखत | पद | नामथर |
|---|---|---|---|
| १ | | अध्यक्ष एवं नगरप्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | सदस्य एवं नगरउपप्रमुख | श्री राजु खड्का |
| ३ | | सदस्य एवं वडा अध्यक्ष | श्री जय बहादुर के.सी. |
| ४ | | सदस्य एवं वडा अध्यक्ष | श्री सुरज बोसेल |
| ५ | | सदस्य एवं वडा अध्यक्ष | श्री सनि के.सी. (लक्ष्मण) |
| ६ | | सदस्य एवं वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | सदस्य एवं वडा अध्यक्ष | श्री हरी प्रसाद शर्मा |
| ८ | | सदस्य एवं वडा अध्यक्ष | श्री रुद्र बहादुर के.सी. |
| ९ | | सदस्य एवं वडा अध्यक्ष | श्री मेघनाथ शर्मा |
| १० | | सदस्य एवं वडा अध्यक्ष | श्री छम बहादुर कार्की |
| ११ | | सदस्य एवं वडा अध्यक्ष | श्री माया कोइराला |
| १२ | | सदस्य एवं वडा अध्यक्ष | श्री तिल बहादुर थापा मगर |
| १३ | | सदस्य एवं वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | सदस्य एवं वडा अध्यक्ष | श्री कोपिलामणी शर्मा |
| १५ | | सदस्य एवं वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | सदस्य एवं वडा अध्यक्ष | श्री चक्र बहादुर खत्री |
| १७ | | सदस्य एवं का.पा. सदस्य | श्री ज्योती के.सी. (विष्ट) |
| १८ | | सदस्य एवं का.पा. सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | सदस्य एवं का.पा. सदस्य | श्री धनमाया शर्मा |
| २० | | सदस्य एवं का.पा. सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | सदस्य एवं का.पा. सदस्य | श्री शान्ती बोसेल |
| २२ | | सदस्य एवं का.पा. सदस्य | श्री सीता थापा |
| २३ | | सदस्य एवं का.पा. सदस्य | श्री ढाका बहादुर परियार |
| २४ | | सदस्य एवं का.पा. सदस्य | श्री चुरा बहादुर सुनार |
| २५ | | सदस्य सचिव एवं प्र.प्र.अ. | श्री ईश्वरी प्रसाद शर्मा |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | | लेखा अधिकृत | श्री प्रेम प्र. शर्मा |
| २ | | आलेप अधिकृत | श्री [illegible] शर्मा |
| ३ | | प्रशासन शाखा प्र. | श्री मिलसेन पन्त |
| ४ | | [illegible] | श्री [illegible] शर्मा |
| | | [illegible] | श्री लक्ष्मी श्रेष्ठ |

१९४२

**प्रस्तावहरु**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. १९ औं नगरसभा सम्बन्धमा ।

३. आन्तरिक श्रोत तर्फको शिलवन्दी दरभाउपत्रको सूचना आव्हान गर्ने सम्बन्धमा ।

४. लिफ्टीङ खानेपनी योजना संचालनका लागि थ्रिफेस विद्युत विस्तार सम्बन्धमा ।

५. आई ई ई प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

६. सामुदायिक वनको जग्गा भोकाधिकार लिने सम्बन्धमा ।

७. आत्मनिर्भर बागलुङ कार्यक्रमबाट प्रविधि वितरण सम्बन्धमा ।

८. एचडिपि पाईपको भुत्तानी सम्बन्धमा ।

९. लै.स.सा.स. रणनीति तथा कार्ययोजना सम्बन्धमा ।

१०. मर्मतको लागि बजेटको व्यवस्था सम्बन्धमा ।

११. सार्वजनिक जग्गाको संरक्षणको लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

१२. बालमन्दिर आधारभूत विद्यालयमा शैक्षिक सामाग्री तथा पोशाक उपलब्ध गराउने सम्बन्धमा ।

१३. विविध सम्बन्धमा ।

**निणर्यहरु**

**निणर्य नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिकाको बैठक देखि यस अवधि सम्म भए गरेका काम कारवाहीको बारेमा जानकारी आदान प्रदान गरियो । गत बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो र निर्णय भएका विषयहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल यस नगरपालिकाको १९ औं नगरसभाको बैठक देहाय बमोजिमको कार्यसूची सहित मिति २०८३ असार ९ र १० गते बस्ने गरी तय गर्ने र सोही बमोजिम सम्पूर्ण नगरसभा सदस्यहरुलाई जानकारी गराउने निर्णय गरियो । साथै १९ औं नगरसभामा पेश गर्ने बजेट तथा कार्यक्रमको सम्बन्धमा छलफल गर्नको लागि विभिन्न विषयगत समितिको बैठक मिति २०८३ जेष्ठ मसान्त सम्म सम्पन्न गर्ने र राजनैतिक दल, पूर्व जनप्रतिनिधि, विषगत कार्यालय, गैरसरकारी संस्था लगायतसंग सुझाव संकलन समेत गर्ने निर्णय गरियो ।

**तपशिल**

| बैठक | क्रियाकलाप | समय | कैफियत |
|---|---|---|---|
| | **पहिलो दिन (२०८३/०३/०९)** | | |
| पहिलो बैठक | राष्ट्रिय गान | . विहान १०.३० देखी दिउसो ३ बजे सम्म | नगरसभा अध्यक्ष |
| | बैठक प्रारम्भ | | |
| | नीति तथा कार्यक्रम प्रस्तुती | | |
| दोश्रो बैठक | आर्थिक विधेयक टेवल | | नगर उप प्रमुखबाट उप प्रमुख |
| | न्यायिक समितिको प्रतिवेदन पेश | | |
| | मध्यकालिन खर्च संरचना र गैर सरकारी संस्थाहरुको बजेट तथा कार्यक्रम र वडा बाट माग भै आएका तथा DPR भएका आयोजनाहरुको सूचि सहितको आयोजना बैंक पेश | | |
| | विनियोजन विधेयक टेवल | | |
| | लेखा समितिको प्रतिवेदन पेश | | लेखा समिति |
| | **दोश्रो दिन (२०८३/०३/१०)** | | |
| तेश्रो बैठक | आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम माथि छलफल | विहान १०.३० देखी साँझ ४ बजे सम्म | नगरसभा सदस्य |
| | आर्थिक विधेयक र विनियोजित विधेयक २०८३ माथि छलफल | | |
| | आर्थिक वर्ष २०८३।८४ को आय र व्ययको अनुमान (बजेट) पेश | | उप प्रमुख |
| चौथो बैठक | न्यायिक समितिको प्रतिवेदन माथि छलफल | | नगरसभा सदस्य |
| | मध्यकालिन खर्च संरचना र गैर सरकारी संस्थाहरुको बजेट तथा कार्यक्रम र वडा बाट माग भै आएका तथा DPR भएका आयोजनाहरुको सूचि सहितको आयोजना बैंक माथि छलफल | | |
| | लेखा समितिको प्रतिवेदन माथि छलफल | | |
| | आर्थिक वर्ष २०८३।८४ को आय र व्ययको अनुमान (बजेट) माथि छलफल | | |
| | विविध । | | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राजश्व परामर्श समितिको राय सिफारिसको आधारमा आ.व. ०८३/०८४ को लागि देहाय बमोजिमको शिर्षकमा प्रचलित कानुन अनुसार देहाय बमोजिमको न्यूनतम अंक कायम गरी शिलवन्दी दरभाउ पत्रको सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण (शिर्षक) | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|
| १ | कवाडी, जडिबुटी र जीवजन्तु निकासी कर | २७,७७,७७८।३ | कर बाहेक |
| २ | ल्याण्डफिल साईट | ९,३५,५५०। | कर बाहेक |
| ३ | विज्ञापन कर | ६,८८,०५०। | कर बाहेक |

निणर्य नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. १० भकुण्डे स्थित भकुण्डे र अर्माउदी गाँउ टोलमा खानेपानीको अत्यन्तै समस्या रहेको, नेपाल सरकार, प्रदेश सरकार र यस पालिकाको एक घर एक धारा सम्बन्धी नीति बमोजिम खानेपानीको सहज आपूर्ती हुन नसकेको, खानेपानीको श्रोतको समेत अभाव रहेको र डिप बोरिङको परिक्षण समेत सफल हुन नसकेको हुँदा उक्त स्थानमा खानेपानीको सहज आपूर्तीको लागि विकल्पको रुपमा रहेको लिफ्टीङ योजना अगाडि बढाउनको लागि नेपाल विद्युत प्राधिकरण बागलुङ वितरण केन्द्रद्धारा तयार गरेको थ्रिफेस विद्युत विस्ताको ल.ई. स्वीकृत गरी चालु आ.व.मा उक्त योजनाको लागि विनियोजन भएको रु २३,००,०००। अक्षेरुपी तेईस लाख रुपैया मध्येबाट नेपाल विद्युत प्राधिकरण, बागलुङ वितरण केन्द्रको ल.ई. बमोजिम को रु १७,९४,७६९।- अक्षेरुपी सत्रलाख चौरानब्बे हजार सात सय उन्सत्तरी रुपैया मात्र नेपाल विद्युत प्राविधकरण, बागलुङ वितरण केन्द्रलाई अग्रीम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कार्यालयको स्वीकृत कार्यक्रम मुताविक तयार भै पेश हुन आएका देहाय बमोजिमका दुई वटा आई ई ई (IEE) प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(१) वेरीटेक ईन्जिनियरिङ कन्सलटेन्सी, कोटेश्वर, काठमान्डौंद्धारा तयार गरेको कालिगण्डकी नदिको विभिन्न स्थानहरुबाट ढुङ्गा, गिटी तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन् तथा संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदन ।

(२) सर्च मल्टिपर्पोज प्रा.लि, पोखराद्धारा तयार गरिएको बागलुङ नगरपालिका वडा नं. ९ को डोय भन्ने स्थानमा Blue Hill Tourism Infrastructure (ब्लु हिल पर्यटन पूर्वाधार) बनाउने आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेन ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. ९ को डोय भन्ने स्थानमा Blue Hill Tourism Infrastructure (ब्लु हिल पर्यटन पूर्वाधार) निर्माण गर्न लागिएको तर उक्त क्षेत्र सामुदायिक वनको क्षेत्र भएको हुँदा वनको जग्गा भोकाधिकार लिनको लागि गण्डकी प्रदेश सरकार, नेपाल सरकार कृषि, वन तथा पर्यावरण वातावरण र भुमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बागलुङ नगरपालिकाद्वारा संचालित आत्मनिर्भर बागलुङ कार्यक्रमको कार्यक्षेत्र वडा नं. ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ भएता पनि मेसीनरी तथा प्रविधि हस्तान्तरण तर्फका कार्यक्रमहरुलाई बजेट तथा कार्यक्रमको सीमा भित्र रही माग र उपलब्धताको आधारमा अन्य वडामा रहेका लाभग्राहि कृषकहरुलाई समेत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्वच्छ खानेपानी प्राप्ती गर्ने नागरिकको नैसर्गिक अधिकारको सुनिश्चितताको लागि नगरक्षेत्रभित्रका नगरवासीहरुलाई विगत बर्षहरुमा वितरण गरिएको एचडिपि पाईपको भुक्तानी हुन बाँकी रकम रु ५,७७,८७६।५ (मु.अ.कर सहित) श्री कालिका सस्तो हार्डवयरलाई चालु आवको मागका आधारमा पाईप खरिद शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस कार्यालयको समग्र कार्यशैली, कार्यक्रम कार्यान्वयन तथा सेवा प्रवाहलाई अझ बढी समावेशी, न्यायपूर्ण र प्रभावकारी बनाउनका लागि तयार पारिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीति तथा कार्ययोजना माथि छलफल गरियो साथै उक्त रणनीति तथा कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो । .

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ स्थित ऐतिहाँसीक पार्क भित्र रहेको तथा हाल ट्राफिक प्रहरीको कार्यालय संचालनमा रहेको अस्थायी छाप्रोमा बर्षादको समयमा पानी चुहिने भएको हुँदा उक्त छानो छाउने कार्य र नगरपालिकाको परिसरमा पिसिसि गर्ने कार्यका लागि निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार शिर्षकबाट खर्च लेख्ने गरी रु १७५,०००। अक्षेरुपी एक लाख पचहत्तर हजार रुपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मुलुकी देवानी संहिता, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले सरकारी, सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको संरक्षण गर्नुपर्ने गरी कानुनी व्यवस्था गरेको हुँदा त्यस्ता सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण हटाउने सम्बन्धमा

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, बागलुङबाट प्राप्त निर्देशन बमोजिम १५ दिने सूचना प्रकासन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा बागलुङ नगरपालिका वडा नं. २ स्थित श्री बालमन्दिर आधारभूत विद्यालय, बा.न.पा २ बागलुङद्धारा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि शैक्षिक सामाग्री तथा पोशाक नि:शुल्क रुपमा उपलब्ध गराउनको लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरी रु १५०,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।